## (१२औं बैठक)

आज मिति २०८२ जेष्ठ २९ गतेका दिन यस भोटेकोशी गाउँपालिका, गाउँकार्यपालिकाका अध्यक्ष श्री पासाङ नुर्पु शेर्पाज्यूको अध्यक्षता तथा तपसिलका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायका विषयमा छलफल गरि निर्णय गरियो ।

**उपस्थिति**

१. अध्यक्ष : श्री पासाङ नुर्पु शेर्पा

२. सदस्य : श्री दिछेन शेर्पा

३. सदस्य : श्री साङ्बु लामा

४. सदस्य : श्री कुमार श्रेष्ठ

५. सदस्य : श्री निमा सोना शेर्पा

६. सदस्य : श्री टासी शेर्पा

७. सदस्य : श्री दावा त्यम्बा तामाङ

८. सदस्य : श्री बच्चु घतानी

९. सदस्य : श्री आङछिरिङ शेर्पा

१०. सदस्य : श्री जमुना थामी

११. सदस्य : श्री पम्फा वि.क.

१२. सदस्य : श्री रुपा रिमाल लाम्घाते

१३. सदस्य : श्री निमि शेर्पा

१४. सदस्य सचिव : श्री दीपक दाहाल (प्र.प्र.अ)

**<u>आमन्त्रित/सहयोगी कर्मचारीहरु</u>**

- श्री गंगासागर पौड्याल(सूचना प्रविधि अधिकृत)
- श्री कृष्ण प्रसाद कंडेल(सहायक पाचौं)
- श्री [illegible] खनाल आ.ले.प
- श्री शिवराम रेग्मी लेखा अधिकृत
- श्री विकास इमानगाई ना.प्र.

**प्रस्तावहरु**

१) गत कार्यपालिका बैठकको निर्णयहरुको समिक्षा सम्बन्धमा ।

२) आतक्या सुसांड सिरिचौर खानेपानी योजनाको म्याद थप सम्बन्धमा ।

३) तातोपानी भैरवकुण्ड सडकको म्याद थप सम्बन्धमा ।

४) सडक हेरालु सम्बन्धमा ।

५) भोटेकोशी कबर्ड हल निर्माणको सम्क्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत सम्बन्धमा ।

६) योजना फरफारक सम्बन्धमा ।

७) लिलामी सम्बन्धमा ।

८) उच्च अदालत पाटनबाट हिम रिभर पावर कम्पनीको विषयक प्राप्त निशेधाज्ञा रिट सम्बन्धि जवाफ पेश सम्बन्धमा ।

९) रकमान्तर सम्बन्धमा ।

१०) शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

११) भुक्तानी दिन छुट भएको घरभाडा रकम भुक्तानी सम्बन्धमा ।

१२) कन्सुलर सेवा विभागको सेवाको लागि Login Credentials माग समबन्धमा ।

१३) १६ औ गाउँसभा बस्ने सम्बन्धमा ।

१४) राजस्व परामर्श समितिको निर्णय सम्बन्धमा ।

१५) विविध

- ✓ प्रोत्साहन सम्बन्धमा
- ✓ भुक्तानी सम्बन्धमा
- ✓ वडागत सिलीङ सम्बन्धमा

NIM

Scanned with CamScanner

**निर्णय**

१) आ.व २०८१/०८२ को एघारौं बैठकको निर्णयहरु कार्यान्वयन भए नभएको विषयमा छलफल गरि कार्यान्वयन हुन नसकेका विषयलाई यथाशिघ्र कार्यान्वयनमा लैजान कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

२) प्रस्ताव नं. २ माथि छलफल गर्दा चालु आ.व २०८१/०८२ मा संचालनमा रहेको आतक्या सुसांड सिरिचौर खानेपानी योजनाको विविध कारणले गर्दा तोकिएको समयमा सम्पन्न हुन नसकेकोले हुंदा उक्त योजनाको म्याद मिति २०८२ असार ०८ सम्म थप गर्ने निर्णय गरियो ।

३) प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस भोटेकोशी गाउँपालिका र श्री कर्ण श्री कन्सट्रक्शन एण्ड सप्लायर्स विच तातोपानी भैरवकुण्ड सडक स्तरोन्नती तथा मर्मत कार्यको लागि ठेक्का सम्झौता भइ कार्य भएको मा यस कार्यालयबाट म्याद थप समेत भइ मिति २०८२।०२।३० गते सम्म म्याद भएकोमा उक्त फर्मले म्याद थपका लागि निवेदन पेश गरेको हुँदा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ उपनियम (क) बमोजिम निर्माण व्यवसायीको ढिलाईका कारण खरिद सम्झौता बमोजिमको काम तोकिएको म्यादमा सम्पन्न हुँन नसकेको हुँदा सम्झौता रकमको दश प्रतिशत रकम नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको शुन्या दशमलब शून्य पाँच प्रतिशत रकम खरिद सम्झौतामा उल्लेख भएको पूर्व निर्धिरित क्षतिपूर्ति गाउँपालिकालाई दिने गरी खरिद सम्झौताको SCC 72.3(i) बमोजिम २०८२।०९।१६ गतेसम्म पूर्व निर्धिरित क्षतिपूर्ति तिर्न पर्ने अधिकतम समय कायम गरी म्याद थप गर्ने निर्णय गरियो ।

४) प्रस्ताव नं. ४ माथि छलफल गर्दा भोटेकोशी गाउँपालिकका मूख्य सडकहरु मर्मत गरी मनसुनको समयमा सवारी आवतजावतलाइ सहज बनाउन तपशिल मापदण्डको अधिनमा रहि तपशिल बमोजिमको सडक हेरालु हरु नियुक्ती गर्ने निर्णय गरियो । साथै सडक हेरालुको लागि आवश्यक PPE तथा Tools रु २,००,०००। बराबरको कन्टेन्जेन्सी खर्च शिर्षक बाट खर्च गर्ने गरी खरिद गर्ने समेत निर्णय गरियो ।

**तपशिल**

क)संख्या तथा दर:

NIM

| वडा न | सडक हेरालुको संख्या | अवधी | दर प्रतिदन | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | ८ | २०८२/०३/०१ देखि २०८२/०५/३१ सम्म(३ महिना) प्रति महिना २६ दिन प्रति दिन ८ घण्टा | ८५० | ५,३०,४०० | |
| २. | ५ | | | ३,३१,५०० | |
| ३. | ५ | | | ३,३१,५०० | |
| ४. | ७ | | | ४,६४,१०० | |
| ५. | ६ | | | ३,९७,८०० | |
| जम्मा | | | | २०,५५,३०० | |

ख)सम्झौताको अख्तियारी तथा आवश्यक कागजात:

- सम्झौताको अख्तियारी: वडा अध्यक्ष
- आवश्यक कागजात:
  - ✓ नागरिकताको फोटोकपी
  - ✓ फोटो
  - ✓ लागत अनुमान

ग)भुक्तानीको लागि आवश्यक कागजात:

- ✓ प्राविधिक कार्यसम्पन्न
- ✓ वडाको सिफारिस तथा हाजिरी प्रमाणित
- ✓ वैक खाता विवरण

५) प्रस्ताव नं. ५ माथि छलफल गर्दा भोटेकोशी गाउँपालिककाको वडा न ४ को श्रीचौरमा भोटेकोशी कबर्ड हल निर्माणको लागि भोटेकोशी गाँउपालिकाको प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०८० को दफा ४ को उपदफा १ बमोजिम अनुसूची-६ को ढाँचा अवलम्वन गरी विषयगत शाखाहरुको सुझावहरु समेत सम्मिलित ऐ.ऐ. कार्यविधिको दफा ७ को उपदफा ४ अनुसार संक्षिप्त वातावरणीय अध्ययनको प्रतिवेदन (BES) स्वीकृत गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

६) प्रस्ताव नं. ६ माथि छलफल गर्दा भोटेकोशी गाउँपालिकका वाट संचालन भई हालसम्म भुक्तानी भएका योजनाहरुको फरफारक गर्ने निर्णय गरियो ।

७) लिलामी सम्बन्धमा

क) भोटेकोशी गाउँपालिकका भई बग्ने भोटेकोशी नदीमा वडा न २ र ४ जोड्ने गोलेप बेलिब्रिज २०८१ असार ११ र १२ गतेको बाडीले क्षति पुर्याइ बगाएर १०० मिटर तल पुर्याएको र सो पुललाई पुन:प्रयोग गर्न नसकिने तथा यस वर्षको वाडीले समेत बगाउन सक्ने सम्भावना भएकाले उक्त पुलको तथा वडा नं २ मा अवस्थित फलामजन्य सामग्रीहरुको लिलाम बढाबढमा विक्रि गर्ने र यसका लागि आर्थिक कार्यविधी तथा वित्तिय नियमावली, २०७७ को नियम १०७(ख) बमोजिम मूल्यांकन कायम गर्न तपशिल बमोजिमको मूल्यांकन समिति गठन गरी लिलाम प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

तपशिलः

| | | |
|---|---|---|
| १) | श्री राजाराम घोरासैनी, ईन्जिनियर ,सातौ | संयोजक |
| २) | प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृत स्तरको प्राविधिक कर्मचारी | सदस्य |
| ३) | कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधि , | सदस्य |

८) प्रस्ताव नं ८ उपर छलफल गर्दा गेम्बे तामाङको नाती बिर सि तामाङको छोरा सिन्धुपाञ्चोक जिल्ला तातोपानी गाविस वडा नं ४ परिवर्तित भोटेकोशी गा।पा। वडा नं ४ तामाङ गाउँ बस्ने वर्ष ७२ को सुर्जे बहादुर तामाङले यस भोटेकोशी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय र ऐ. गाउँपालिका वडा नं ४ को कार्यालय समेतका विरुद्धमा सम्मानित उच्च अदालत पाटनमा दायर गरेको निषेधाज्ञा (मुद्धा नं. ०८१– wo–२५०५) मुद्धामा गाउँपालिका र वडा कार्यालयको तर्फबाट लिखित जवाफ लगाउने, तारेखमा रहने लगायत मुद्धा प्रक्रियामा जोजे गर्नु पर्ने सम्पूर्ण कार्य गर्नका लागि कानून व्यवसायी अधिवक्ता दीपा सापकोटालाई प्रतिनिधि तोकी अख्तियारी प्रदान गर्ने र वहस पैरवी गर्नका लागि बरिष्ठ अधिवक्ता केदार प्रसाद दाहाललाई नियुक्त गर्ने निर्णय गरियो ।

NIM

Scanned with CamScanner

९) रकमान्तर

क) पुँजीगत

१) भोटेकोशी गाउँपालिकाको १४ औं गाउँसभा बात स्वीकृत विनियोजन ऐनका देहायका पुँजीगत शिर्षकहरुमा स्थानीय सरकार संचालन ऐन को दफा ८९ बमोजिम देहाय पुँजीगत शिर्षकमा रकमान्तर गर्ने निर्णय गरियो ।

**तपसिल**

| १४ औं गाउँसभाबाट स्वीकृत भएका | | रकमान्तर भई कायम हुने शिर्षक | |
|---|---|---|---|
| **शिर्षक** | **रकम** | **शिर्षक** | **रकम** |
| गोलु गुम्बा मर्मत | ५००००० | गोलु गुम्बा मर्मत | ४५०००० |
| धारापानी गणेश मन्दिर | ३००००० | धारापानी गणेश मन्दिर | २५०००० |
| लिस्ती अभिताब मुर्ति | १०००००० | लिस्ती अभिताब मुर्ति | ९००००० |
| डाडाटोल छयाङसिङ गोरेटो बाटो | ६००००० | डाडाटोल छयाङसिङ गोरेटो बाटो | ५५०००० |
| ज्याङ्बु शेम्बी गुम्बा लिस्ती | ५००००० | ज्याङ्बु शेम्बी गुम्बा लिस्ती | ४३०००० |
| घिप्चे स्कुल गोरेटो बाटो तथा घेराबर | ७००००० | घिप्चे स्कुल गोरेटो बाटो तथा घेराबर | ६५०००० |
| गुम्बा खोल्चा भल व्यवस्थापन | ५००००० | गुम्बा खोल्चा भल व्यवस्थापन | ४४०००० |
| | | घट्टेखोला तथा सेवुङ फट्के निर्माण | ४३०००० |
| **जम्मा** | ४१,००,००० | | ४१,००,००० |

NJM

Scanned with CamScanner

| क्र.स. | शिक्षकको नाम | तह/श्रेणी | हाल कार्यरत विद्यालय | दरवन्दी मिलान गरिएको विद्यालय | कैफियत |
|---|---|---|---|---|---|
| १. | श्री सजिना पराजुली | प्रा.शि./तृतीय/ स्थायी | श्री गोरखनाथ आ वि | श्री थापीनारायण मा वि | |
| २. | श्री कृपा कुमारी आरन | प्रा.शि./तृतीय/राहत | श्री गुम्बा आ.वि | श्री सेतीदेवी आ.वि | |
| ३ | श्री केदार नेपाल | आ.शि./तृतीय/पालिका | श्री भैरब कुण्ड आ बि | श्री तातोपानी आ वि | |

११)प्रस्ताव नं ११ माथि छलफल गर्दा गाउँपालिकाबाट प्रयोग गरिरहेको भोटेकोशी गाउँपालिका वडा नं ४ खकुन्डोलमा स्थित पाल्देङ साङ्बु शेर्पाको घरको आ.व २०८०/०८१ को जेष्ठ र असार महिनाको घर भाडा भुक्तानी हुन छुट भएको र सो छुट भाडा भुक्तानी पाउँ भनि निजले निवेदन पेश गरेको हुँदा उक्त भुक्तानी दिन छुट भएको २ महिनाको भाडा सम्झौता बमोजिमको रकम घरभाडा शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

१२)प्रस्ताव नं १२ माथि छलफल गर्दा श्रम स्वीकृति गरि विदेशमा रहेका श्रमिकको हकमा वैदेशिक रोजगार कल्याणकारी सेवाहरु (खोजतलास, उद्धार, क्षतिपूर्ति आदि) यस गाउँपालिका मार्फत प्रदान गरिदै आएकोमा अब कन्सुलर सेवा विभागबाट प्रदान गरिने तपसिलका सेवाहरु समेत विभागको अनलाईन प्रणाली प्रयोग गरि गाउँपालिकामा रहेको रोजगार सेवा केन्द्र मार्फत प्रदान गर्न सुचारु गरिएकोले तपसिल सेवाहरु प्रदान गर्न विभागबाट Login Credentials माग गर्ने निर्णय गरियो।

१) विदेशमा रहेका व्यक्तिहरुको खोजतलास/उद्दार गर्न
२) वैदेशिक रोजगारको सिलसिलामा विदेशमा कुनै कारण मृत्यु भएमा शव झिकाउन र शव घर सम्म ल्याउन
३) घाइते वा मृतकको हकमा क्षतिपूर्ति वा बीमा रकम दाबि गर्न
४) विदेशमा समस्यामा परेको जानकारी/गुनासो

Scanned with CamScanner

५) कानुनी परामर्श तथा सहायत्ता

१३) आगामी आ.व २०८२/०८३ को नीति तथा कार्यक्रम र बजेट पेश तथा स्वीकृत सम्बन्धि कार्यको लागि १६ औ गाउँसभा मिति २०८२ असार ९ गते बस्ने निर्णय गरियो।

१४) मिति २०८२ जेष्ठ २९ गते बसेको राजस्व परामर्श समितिको बैठकको निर्णयहरुमा छलफल भई देहाय बमोजिम गर्ने निर्णय गरियो।

- स्थानीय हाइड्रोपावर कम्पनिहरुसंग सामाजिक उत्तरदायित्व(CSR) अन्तर्गतको रकम प्रभावित वडाहरुमा गाउँपालिकाको सिफारिसको आधारमा खर्च गर्ने
- आ.व २०८२/०८३ को लागि आन्तरिक स्रोत अनुमान निम्न अनुसार गर्ने
  - ✓ माथिल्लो भोटेकोशी पावर कम्पनि रु ४९ लाख ५० हजार
  - ✓ मध्य भोटेकोशी जलविधुत आयोजना रु ७० लाख
  - ✓ अन्य पालिका तर्फ रु १ करोड
  - ✓ जम्मा २ करोड ८० लाख

१५) विविध

क) आगामी आ.व २०८२/०८३ को लागि आवश्यक पर्ने नीति कार्यक्रम तथा बजेट तर्जुमा, आर्थिक ऐन इन्ट्री, विनियोजन ऐन इन्ट्री, बजेट इन्ट्री, बेरुजु सम्परिक्षण तथा यस संग सम्बन्धित कार्यहरु गर्नको लागि अतिरिक्त समयमा कार्य गर्न खटिने कर्मचारीहरुको लागि प्रमुख प्रशासकीय अधिकृतबाट अतिरिक्त हाजिरीको व्यवस्था गरि खाना, खाजा तथा खाईपाई आएको तलब बराबरको रकम प्रोत्साहन भत्ता दिने निर्णय गरियो।

ख) मिति २०८२ जेष्ठ २१ गतेका दिन संचालित भोटेकोशी गाउँपालिकाका जनप्रतिनिधिहरु र जनताहरुसंगको प्राइम टेलिभिजनबाट प्रसारण हुने प्रश्न जनताको कार्यक्रमको खर्च विविध कार्यक्रम खर्च शिर्षकबाट रु २ लाख भुक्तानी दिने निर्णय गरियो।

NIM

Scanned with CamScanner

ग) आगामी आ.व २०८२/०८३ को लागि भोटेकोशी गाउँपालिकाका वडाहरुलाई तपसिल बमोजिमको बजेट सिलीङ प्रदान गरि सोहि बमोजिमको योजना तथा कार्यक्रम प्राथमिकताको आधारमा पेश गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्रस | वडा | बजेट सिलीङ | कैफियत |
|---|---|---|---|
| १ | वडा नं १ | ३०,००,००० | |
| २ | वडा नं २ | ३०,००,००० | |
| ३ | वडा नं ३ | ३०,००,००० | |
| ४ | वडा नं ४ | ३०,००,००० | |
| ५ | वडा नं ५ | ३०,००,००० | |
| | जम्मा | १,५०,००,००० | |

घ) आगामी आ.व २०८२/०८२ को बजेट नीति कार्यक्रम तयार प्रयोजनार्थ मिति २०८२ असार ६ गते कार्यपालिका बैठक बस्ने निर्णय गरियो ।

Scanned with CamScanner